बैठक न. १०

आज मिति २०७९/०५/२६ गते यस सरावल गाउपालिका गाउकार्यपालिकाको बैठक गाउपालिका अध्यक्ष सुखाडी प्रसाद चौधरीको अध्यक्षतामा तथा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्ताब उपर छलफल गरि निर्णय गरियो |

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुखाडी प्रसाद चौधरी थारु | अध्यक्ष | |
| २ | बासमती चमार | उपाध्यक्ष | |
| ३ | बिष्णु प्रसाद भट्टराइ | सदस्य | |
| ४ | शम्भु प्रसाद चौधरी | सदस्य | |
| ५ | फिरंगी चौधरी | सदस्य | |
| ६ | सुरेश प्रसाद यादव | सदस्य | |
| ७ | लक्षमण प्रसाद चौधरी | सदस्य | |
| ८ | छोटेलाल गुप्ता | सदस्य | |
| ९ | हेयात खाँ धुनिया | सदस्य | |
| १० | उर्मिला कुमारी थारु | सदस्य | |
| ११ | कौशिल्या देवी चमार | सदस्य | |
| १२ | ज्ञान्त्री कुमारी चौधरी | सदस्य | |
| १३ | नेमा चौधरी | सदस्य | |
| १४ | रामनिवास नाउ | सदस्य | |
| १५ | रामानन्द चमार | सदस्य | |
| १६ | दुर्गा पौडेल | सचिव | |

अन्यआमन्त्रित सदस्य

१. लेखा अधिकृत नारायण पाण्डेय

२. कार्यवाहक वडा अध्यक्ष तुफानीलाल गुप्ता

**प्रस्ताव तथा निर्णयहरु:**

**१. गत बैठक समिक्षा सम्बन्धमा |**

प्रस्ताव उपर छलफल गर्दा यस सरावल गाउपालिकाको मिति २०७९/०४/३१ को बैठकको निर्णय सम्बन्धमा बैठकमा छलफल एवं निर्णय कार्यन्वयनको बिषयमा समिक्षा गरियो |

**२. संबिधान दिवस सम्बन्धमा |**

२०७९ असोज ३ गते संबिधान दिवस मनाउने सन्दर्भमा मिति २०७९/०५/३१ गते जनप्रतिनिधि र कर्मचारी बिच अन्तरक्रिया तथा बिबिध कार्यक्रम गरि मनाउने निर्णय गरियो |

**३. जितिया पर्वको शुभकामना तथा सार्वजनिक बिदा सम्बन्धमा |**

मिति २०७९/०६/०२ गते आइतबार हिन्दुहरुको जितियापर्व परेकोले सो अवसरमा सम्पूर्ण जितिया पर्व मनाउनेलाइ शुभकामना तथा सो दिन स्थानीय सार्वजनिक बिदा दिने निर्णय गरियो |

**४. योजना सम्झौता सम्बन्धमा |**

आ.. ब २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रमकोलागि तपशिल बमोजिमको कार्यतालिका अनुसार गर्ने निर्णय गरियो |

क) वडा स्तरीय आयोजनाको लागि वडा बाट उपभोक्ता समिति गठन हुन नसक्ने आयोजनाहरुको विवरण मिति **२०७९/०७/३०** भित्र गाउपालिका कार्यालयलाई पत्राचार गर्ने |

ख) उपभोक्ता समिति **२०७९/०७/३०** भित्र गठन गर्ने |

ग) **२०७९/०८/१५** गतेसम्म उपभोक्ता समितिलाई तालिम संचालन गर्ने |

घ) **२०७९/०८/३०** गतेसम्म वडा कार्यालयमै गइ उपभोक्ता समिति संग सम्झौता गरि कार्यदिश दिने |

**५.शसस्त्र प्रहरी बल २६ न. गणलाई सहयोग सम्बन्धमा |**

शसस्त्र प्रहरी बल २६ न.गण बेलासपुरलाइ भौतिक पूर्वाधार निर्माण गर्ने प्रयोजनार्थ जिल्लास्थित सरकारी निकायलाई सहायता खर्च शिर्षक बाट १ लाख ५० हजार बराबरको भौतिक सामग्री सहयोग गर्ने निर्णय गरियो |

**६. पालिका अस्पताल सम्बन्धमा |**

मिति २०७९/०५/१० गतेको वडा न ५ को वडास्तरीय भेलाको निर्णयानुसार उक्त चारकिल्ला भित्र पालिका स्तरीय १५ सैयाको अस्पताल बनाउने निर्णय सहित बजेट सुनिश्चितताको लागि संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा रास्ट्रिय योजना आयोगमा पठाउने एवं तत्काल सार्वजनिक जग्गा संरक्षण खर्च शिर्सक बाट जग्गाको तारबार गर्ने निर्णय गरियो |

**७. गाउपालिकाको मुख्य प्रसासनिक भवन सम्बन्धमा |**

हाल कार्यालय संचालनमा अस्थाई रुपमा रहेको गाउकार्यपालिका कार्यालय भवन एवं वडा न ३ कार्यालय भवनको उत्तर तर्फ रहेको सार्वजनिक जग्गामा गाउपालिकाको मुख्य प्रसासनिक भवन

प्रमुख प्रशासकीय अधिकृत

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

बनाउन डी पी आर समेत भएकोले उक्त जग्गा संरक्षण गर्न चारकिल्ला छुट्टाइ ब्यबस्थापन गर्न वडा न ३ का अध्यक्ष श्री फिरंगी चौधरीलाई मुख्य जिम्मेवारी तोक्ने निर्णय गरियो | साथै चालु आ.ब २०७९/०८० को हिउदे अधिबेसन बाट केहि रकम बिनियोजन गरि चालु आ ब बाटै भवन निर्माण कार्य संचालनको लागि विद्धुतीय बोलपत्र माध्यम बाट खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो |

८. **बिबिध सम्बन्धमा |**

- मिति २०७९/०३/०८ को कार्यपालिकाको निर्णयानुसार यस कार्यालयलाई कार्यरत सब इन्जिनियर सन्दिप चौधरीलाई मूल रजिस्टरमा हाजिरी नगराई जिम्मेवारी दिइएकोमा मिति २०७९/०५/२० गतेदेखि लागुहुने गरि गाउपालिका मूल हाजिरी रजिस्टरमा हाजिरी गराई नियमित कामकाज जिम्मेवारी तोक्ने निर्णय गरियो | निजको कार्यसम्पादन सन्तोषजनक नभएकोले निजलाई अन्य स्थानीय तहमा सरुवा भै जान अनुरोध गर्ने एवं सहमति दिने निर्णय गरियो |
- गाउपालिका तथा वडा कार्यालय बाट तपशिलका सिफारिस गर्दा राजस्व नलिने एवं निशुल्क सिफारिस गर्ने निर्णय गरियो |

**-काजक्रिया सिफारिस** **-औसधिउपचार खर्च सिसारिस**
**-अपांग परिचय पत्र सिफारिस** **-सामाजिक सुरक्षा भत्ता सिफारिस**
**-उपभोक्ता समितिको सिफारिस** **-गरिब तथा बिपन्न सिफारिस**
**-पालिका स्तरीय बिभिन्न कृषि तथा पशु अनुदानको सिफारिस**

- गाउँपालिकाको राजस्व परिचालन गरि आन्तरिक आम्दानी बृद्दी गर्न ब्यबसाय दर्ता तथा कर अभियान संचालन गर्ने निर्णय गरियो |
- हिन्दुहरुको पर्व बड्का आइतबारका दिन मिति २०७९/०५/१९ को स्थानीय सार्वजनिक बिदाको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो |
- कार्यालयमा बिद्धुत शर्ट तथा अन्य कुनै कारणबाट हुने आगलागिलाई नियन्त्रण गर्न विपद ब्यबस्थापन कोषबाट वडा कार्यालय स्वास्थ्य चौकी तथा पालिका कार्यालयमा फायर बक्स जडान गर्ने निर्णय गरियो |
- मिति २०७९/०५/१५ चलानी न ३९६ को शहरी बिकास तथा भवन डिबिजन कार्यालय रुपन्देहीलाई पठाएको पत्र बमोजिम कार्य गर्न गराउन स्वीकृत दिने निर्णय गरियो |

प्रमुख प्रशासकीय अधिकृत

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष